खानेपानीका अनेकौं स्रोत र विकल्पहरु छँदाछँदै महँगो र घातक मेलम्ची आयोजना तत्काल रद्द गर्नुपर्ने माग गर्दै अब बैंकका विरुद्धको अभियानलाई तीव्र पार्ने घोषणा गर्नुभयो । वहाँलाई खानेपानी संस्थान, नेपाली निजीक्षेत्र र स्थानीय प्राविधिक तथा आर्थिक क्षमताको बेवास्ता गरेर विदेशी बहुर्राष्टिय कम्पनीको स्वार्थमा तिर्नै नसकिने महशुलमा महँगो पानी वितरण गर्ने षड्यन्त्रको कडा आलोचना गर्नुभयो । मेलम्चीका सूत्रधार नर्वे तथा सहयोगी स्वीडेनले समेत हात झिकिसकेको अवस्थामा अब एडीबी र जापान सरकारले तत्काल मेलम्ची छोडेर नेपालको चाहना र आवश्यकताअनुसार उपत्यकाभित्रको भौतिक संरचना सुधार तथा पानीका वैकल्पिक स्रोतहरुको विकासका लागि सहयोग गर्नसक्ने बताउनुभयो । मेलम्चीको भ्रष्टाचारमा नेपालका पदाधिकारीहरुमात्र नभएर स्वयं एडीबी नै संलग्न रहेको तथा यसको लागत हरेक वर्ष अर्बौ रुपैयाँका दरले बढिरहेको हुनाले आयोजना रद्द नगरे एडीबी विरुद्ध नै भ्रष्टाचारको उजुरी बैंककै भ्रष्टाचारविरोधी शाखामा दर्ता गरिने बताउनु भयो ।

जलस्रोत विशेषज्ञ रत्नसंसार श्रेष्ठले मेलम्चीमा एसियाली विकास बैंकले अपनाएका नीति र लगानीबाट गरिबी निवारण कुरा दिवास्वप्न भएको ठोकुवा गर्नुभयो । वहाँले काठमाण्डौमा मेलम्ची आएमा त्यसले गरीबको शोषण गर्ने कुरा उल्लेख गर्दै बैंकले मेलम्चीमा भ्रष्टाचार छैन भन्नु सरासर झुठो भएको बताउनु भयो । विश्व वैंकले आफ्ना आयोजनाहरुमा स्वभावत: १० प्रतिशत भ्रष्टाचार हुने गरेको कुरा स्वीकार गरिसक्दा पनि एडिबीले भ्रष्टाचार छैन भन्दा कसैले पत्याउँदैन । उहाँले मेलम्चीको विकल्प काठमाण्डौमा खेर गइरहेको पानीको उपयोग र चुहावट नियन्त्रण नै हो भन्दै अहिलेको संरचना र पाइपमात्र सुधारे गरेमा पनि पानीको मात्रा दोब्बर हुने दाबी गर्नुभयो ।

कार्यक्रममा इतिहासकार चेतेन्द्रजंग हिमालीले एसियाली विकास बैंकले लगानी गरेका कन्काइ, बबई, नारायणी लिफ्ट सिँचाइ आयोजनादेखि लिएर बैंककै लगानीमा निर्मित कालिगण्डकी आयोजना पनि भ्रष्टाचारकै कारण असफल रहेको चर्चा गर्नुभयो । पत्रकार अनिल गिरीले मेलम्ची आयोजनामा भ्रष्टाचार रोक्नै नसकिने अवस्था रहेको बताउँदै बेलैमा सही विकल्पहरुतर्फ ध्यान दिनुपर्ने बताउनु भयो । स्थानीय बासिन्दा कृष्णप्रसाद भट्टराइले आयोजनाले स्थानीय माझी, दनुवार तथा निमुखा जनताको हितमा प्रभावकारी कार्यक्रम ल्याउन नसकेको आरोप लगाउँदै आफ्नो जीवनप्रणालीको अभिन्न अंगका रुपमा रहेको मेलम्चीको पानी काठमाडौं लैजाने भयका कारण मेलम्चीबासी आयोजनाका विरुद्ध सक्रिय रहेको बताउनु भयो ।

रतन भण्डारी